**बडीकेदार गाउपालिकाको गाउँसभा १७ औं अधिवेशनको पहिलो बैठकमा २०८२ साल आषाढ १० गते मंगलबार**

**अध्यक्ष** भैरब बहादुर साउदज्यू**ले**

**प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

**बडीकेदार गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खड्यौली, डोटी**

बडीकेदार गाउँपालिका

## बडीकेदार गाउपालिकाको गाउँसभा १७ औं अधिवेशनको
## पहिलो बैठकमा पेश गरिएको
## आ.ब.२०८२□०८३ को नीति तथा कार्यक्रम

**गाउँसभा सदस्य ज्यूहरु,**

यस बडीकेदार गाउँपालिकाको गरिमामय गाउँसभाको १७ औं अधिवेशनका उपाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँसभा सदस्य ज्यूहरु, संचारकर्मी मित्रहरु तथा राष्ट्रसेवक कर्मचारी ज्यूहरु

बडीकेदार गाउँपालिकाको दोश्रो कार्यकालका लागि स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित भई हाम्रो कार्यकालको तेस्रो बर्ष गाउँसभाको  १७ औं अधिवेशनमा आ.ब. ०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा साह्रै खुसी महसुस गरिरहेको छु ।

लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न ऐतिहासिक जनआन्दोलन र यो देश निर्माणका लागि भएका अनेकन संघर्षहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने ती महान शहीदहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरु प्रति अगाध सम्मान व्यक्त गर्न चाहन्छु, साथै उक्त संघर्षहरुमा शारीरिक, बौद्धिक एवं मानसिक योगदान पुर्याउनु हुने तमाम नेपाली दाजुभाई दिदीबहिनीहरु प्रति सादर सम्मान व्यक्त गर्न चाहन्छु । हामी स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भई स्थानीय सरकारको रुपमा काम गरेको ८ वर्ष कार्यकाल सम्पन्न गरेका छौ । यस अवधीमा भएका संघ, प्रदेश र स्थानीय सरकारका कामकार्वाहीले संघीयता र लोकतन्त्रको उपभोग आम जनताले महशुस गर्न पाएका छन् । यस सन्दर्भमा यस बडिकेदार गाउँपालिकालाई यस अवस्थामा ल्याइ पुऱ्याउन अमुल्य योगदान गर्नू हुने संघ, प्रदेश र स्थानीय सरकारका पूर्व तथा वर्तमान जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, राजनैतिक दल, समाजसेवी, बुद्धिजिबी, शिक्षक, कृषक, उद्योगी, व्यवसायी, संचारकर्मि,  पेशाकर्मी एवं सबै गाउँपालिकाबासी आम जनसमुदायलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

ऐतिहासिक, साँस्कतिक र पुरातात्विक महत्व बोकेको यस बडीकेदार गाउँपालिका अन्य गाउँपालीकाको तुलनामा विशिष्ट साँस्कृतिक मूल्य, मान्यता, भौगोलिक समानता र विकासको ठूलो संभावना बोकेको गाउँपालीका हो । ***हाम्रो कला हाम्रो संस्कृति, बडीकेदार हाम्रो सम्पति*** भन्ने मूल मर्मका साथ अगाडी बढीरहेको  यस गाउँपालिका क्षेत्रका आफ्नै मौलिक प्रकृतिका सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतिहरु नभएका होईनन् । पूर्ववत स्थानिय सरकारले संघियताको कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरुमा सांगठनीक संरचनाहरुको विकास, कानुनको निर्माण, पूर्वाधार विकास लगायतका गाउँपालिकाको विकासमा केही जग बसाउने काम भएको छ । यसमा सहयोग गर्ने सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र वलिदानबाट प्राप्त महत्वपूर्ण तथा ऐतिहासिक उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त गाउँपालिका निर्माण तथा सभ्य र सुसंस्कृत समाज एवं आफ्नो कर्तव्य प्रति दृढ रहनु बडीकेदार गाउँपालिकाको आदर्श तथा लक्ष्य रहदै आएको छ । गाउँपालिकाको अधिकार, सिमित श्रोत साधन, उत्तरदायी, पारदर्शिता र जनता प्रति जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा २०७३ सालमा स्थापित बडीकेदार गाउँपालिकाको आर्थिक, पर्यटकीय, सामाजिक, भौतिक पूर्वाधार एवं सांस्कृतिक रुपमा विकास गरी आर्थिक समृद्धि र सबै नागरिकले स्थानीय स्तरमा लोकतन्त्रको अभ्यास गर्न पाएका छन् । स्थानीय सरकार नागरिकका घरदैलोको सरकारको रुपमा रहदै आएको र हरेक सुखदुखको सहयात्रीको रुपमा हरेक पल नागरिकको समृद्धि र विकासका लागि काम गरी रहेको कुरो सबैमा अवगत नै छ ।

राज्यको पुर्नसंरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको सांगठनिक संरचना र तीन वटै सरकारको अधिकार, काम, कर्तव्य संविधानत:: निर्दिष्ट गरिएका छन् । संविधानले अनुसुचि ८ र ९ मा तोकेका एकल तथा साझा अधिकार क्षेत्र भित्र रही संघीय सरकार र प्रदेश सरकारले लिएको नीति नियम समेतलाई दृष्टिगत गरी बडीकेदार गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ ।

अब म यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधान (२०७२)

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४

४. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

५. प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन, २०७४

६. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

७. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

८. नेपाल सरकारको सोह्रौं योजना

९. दिगो विकास लक्ष्यहरु

१०. संघ तथा प्रदेशबाट निर्धारित विभिन्न नीति, कानुन, दिग्दर्शन लगायतका व्यवस्थाहरु ।

उपरोक्त व्यवास्थाहरुलाई आधार मानि विभिन्न चरणहरूको सहभागितामूलक प्रक्रियाबाट यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार भएको छ ।

**वजेटका प्राथमिकताका आधारहरु**

(१) गरिवी न्यूनिकरण, रोजगारी सृजना र आय आर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने योजनाहरु ।

(२) क्रमागत, उत्पादनमूलक र दिगो प्रतिफल दिने योजना ।

(३) आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुऱ्याउने योजनाहरु ।

(४) स्थानीय श्रोत, साधन, श्रमसिप र प्रविधिमा आधारित योजनाहरु ।

(५) सहभागितामूलक योजनाहरु ।

(६) लैङ्गिक समानता सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजनाहरु ।

(७) दिगो विकास वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजनाहरु

(८) सेवा प्रवाह संस्थागत क्षमता विकास र सुशासनमा योगदान पुऱ्याउने योजनाहरु ।

(९) स्थानीय सस्कृति र पहिचान झल्कने योजनाहरु ।

(१०) चालु आ.व.मा वजेट विनियोजित भएका र विभिन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु ।

(११) दुर्गम, पिछडिएका र पूर्वाधार विकास कम पुगेका क्षेत्रहरुका योजनाहरु ।

अब म बडीकेदार गाउँपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम एवं वजेट कार्यान्वयनका अवसर, विद्यमान चुनौती तथा प्राथमिकताका आधारहरु प्रस्तुत गर्दछु ।

**विद्यमान अवसरहरू:**

१. संविधानतःअधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४.गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५.सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६.सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजारसम्मको पहुँच स्थापित हुनु ।

७.घरहरूको निर्माणमा भवन संहिता पालना हुने क्रम बढनु तथा नक्सा पास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२.बजारको सूचना कृषकलाई समयमानै उपलब्ध गराउनु ।

३.गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४.युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५.ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६.वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु ।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९.भिरालो ठाउँ ,बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।

१०.अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु ।

११.बैज्ञानिक,जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१२.सञ्चार सेवाप्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१३.प्राकृतिकस्रोत तथा नदिजन्य पदार्थ (ढुंगा,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

गाउँपालिकालाई प्राप्त हुने संघीय र प्रदेश सरकारको वित्तीय हस्तान्तरण तथा गाउँपालिकाको न्यून आन्तरिक आम्दानीबाट गाउँपालिकाले चालु आर्थिक वर्षको हालसम्म हासिल गरेका उपलब्धीहरु बुँदागत रुपमा उल्लेख गर्ने अनुमति चाहन्छु ।

## अव म यस आ. व. २०८१/८२ को हाल सम्मको उपलब्धी समिक्षा प्रस्तुत गर्न चाहन्छु

- गाउँपालिकाबाट प्रदान गरिने विभिन्न कार्यहरु संचालन गर्न सहज होस् भन्ने हेतुले गाउँपालिकालाई आवश्यक पर्ने विविध विषयका कानूनहरु निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ ।
- बडीकेदार गाउँपालिकाको कृषि विकास शाखामा १३२ कृषक समूहमध्ये ४५ नविकरण गरिएका छन्। GRAPE परियोजना अन्तर्गत ३८ वटा आयरन पोलीहाउस निर्माण र वेमौसमी तरकारी तालिम सम्पन्न गरिएको छ। ३५० कृषकलाई उन्नत विउ, १५० जनालाई च्याउ बिउ, ६ वटा समूहलाई आलु बिउ वितरण गरिएको छ। सुन्तला नर्सरी स्थापना, बाँसको पोलीहाउस निर्माण, विषादी वितरण तथा कार्यक्रम समन्वय मार्फत कृषि सेवा प्रवाहमा प्रगति देखिएको छ।

- बडीकेदार गाउँपालिकामा १०,००० भेडा बाख्रालाई पिपिआर खोप लगाइ रिपोर्ट सम्बन्धित निकायमा पठाइएको छ। पशुपन्छी उपचार तथा बन्ध्याकरण गरी कुल ४,६३४ जनावर सेवा दिइएको छ। मागमा आधारित पशुपालन कार्यक्रम अन्तर्गत ८ परियोजना सम्पन्न भई भुक्तानी गरिएको छ। रेबिज खोप अभियान अन्तर्गत २०२ डोज खोप वितरण तथा ३४ नयाँ फर्म दर्ता र ७२ नविकरण गराइ पशु पालक कृषकलाई प्रोत्साहन गरिने विभिन्न कार्यक्रमहरु संचालन भएका छन् ।
- गाउँपालिका स्तरिय अल्लो प्रशोधन तथा सामाग्रीहरु उत्पादन भवन सह लागानीमा निर्माण तथा अल्लो प्रशोधन गरी अल्लोको धागो तथा झोला बनाउने तालिम सम्पन्न गर्नुका साथै अन्य उद्यमशिलाता प्रवर्द्धनका कार्यक्रमहरु सम्पन्न गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बडीकेदार गाउँपालिकाका ५ वटै वडामा ९ योजना सम्पन्न गरिएका छन्। रोजगार पूर्व अभिमुखिकरण कार्यक्रम र बालश्रममुक्त घरधुरी सर्वेक्षण सम्पन्न भएको छ। ५५६ बेरोजगारको निवेदन संकलन गरी पेश गरिएको छ भने रणनीतिक योजना अद्यावधिक र "श्रमको सम्मान राष्ट्रको अभियान" सञ्चालनमा रहेको छ।
- बडीकेदार गाउँपालिकामा ३८ विद्यालय, १६ बालविकास केन्द्र र ४ सिकाइ केन्द्रमार्फत गुणस्तरीय शिक्षा प्रवर्द्धनका प्रयास भएका छन् । माध्यमिक र आधारभूत तहका विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरूको व्यवस्थापन तथा नियुक्ति गरिएको छ। शिक्षा योजना अध्यावधिक, ICT ल्याब सामाग्री, पुस्तकालय, विज्ञान प्रयोगशाला र बालमैत्री सामग्रीको व्यवस्थापन गरिएको छ। अपाङ्गता पहिचान, शिक्षक क्षमता अभिवृद्धि, अनुगमन प्रणाली, विद्यार्थी प्रतिभा विकास तथा अतिरिक्त क्रियाकलाप सञ्चालनमा रहेका छन्। कोभिडपछिको शैक्षिक क्षति न्यूनीकरणका लागि सिकाइ सहजीकरण कक्षाहरू सञ्चालन गरिएको छ। साथै, विद्यालयहरूमा शैक्षिक सूचना भित्ते लेखन र आवश्यक भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ।
- गाउँपालिकाको मुख्य प्रशासनिक भवनको पहिलेको ठेक्का बमोजिमको निर्माण कार्य सम्पन्न गरी सोही नवनिर्मित भवनबाट सेवा प्रवाह संचालन गरिएको छ। साथै हाल दोश्रो तला थप गर्ने कार्य भैरहेको छ।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाउन प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्थापन गरि दैनिक कार्यलाई प्रभावकारी वनाईएको छ।
- केदार सूर्य बहुमुखी क्याम्पस वि.पि.नगरको शैक्षिक तथा प्रशासनिक भवनको निर्माण कार्य भैरहेको छ । निकट भविष्यमा नै उक्त भवनबाट अध्यापन तथा अन्य प्रशासनिक कार्य सुचारु हुने छ।
- चालु आर्थिक वर्षमा गाउँपालिका भित्र रहेका २९५ कि.मी. सडकको मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्य भएकोछ, साथै वर्तमान कार्यपालिका चयन भए पछि हालसम्म ३९ कि.मी. सडकको नयाँ ट्र्याक खोल्ने कार्य भएको छ एवं सडक संजालले नछोएका टोलवस्तीहरुमा नयाँ ट्र्याक खोल्ने कार्य निरन्तर भईरहेको छ।
- सिचाई सुविधा नपुगेका विभिन्न टोलवस्तीमा हालसम्म ५२२० मिटर सिचाई कूलो तथा नहरहरु निर्माण गर्ने कार्य गरिएको छ।
- नेपाल विद्युत प्राधिकरण मार्फत गाउँपालिकाका सवै वडाहरुमा राष्ट्रिय प्रशारण लाईन विस्तार भएको छ साथै विस्तार हुन बाँकी टोल वस्तीहरुमा तार तान्ने, पोल गाँड्ने कार्य अगाडी वढिरहेको छ।
- यस गाउँपालिकाको वडा नं. ४ काउले वजारमा अल्लो प्रशोधन तथा कपडा उद्योग स्थापना गरि संचालनमा ल्याईएको छ।
- गाउँपालिकाबाट सम्पादन हुने विभिन्न सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सडक गुरुयोजना, क्षमता विकास योजना, आन्तरिक नियन्त्रण प्रणाली, संगठन तथा व्यवस्थापन सर्वेक्षण जस्ता दस्तावेजहरु तयार गरिएको छ।
- चालु आर्थिक वर्षमा बडीकेदार गाउँपालिकाले कुल रु ३७,३०,५५०.६४ राजस्व संकलन गरेको छ। अनलाइन प्रणालीमार्फत राजस्व संकलन र व्यवसाय दर्ता तथा नविकरण प्रक्रियालाई प्रभावकारी बनाइएको छ। १७४ वटा व्यापार व्यवसाय अनुगमन गरिएकामा ३६ वटा पसलबाट म्याद गुज्रिएका रु ६९,०००।० बारबरको सामग्री

जफत गरी नष्ट गरिएको छ। साथै, विभिन्न स्वास्थ्य संस्थाहरुको अनुगमन मार्फत सेवाको गुणस्तरमा सुधार ल्याउन प्रयास गरिएको छ ।

- बडीकेदार गाउँपालिकाले चालु आवमा स्वास्थ्य सेवा विस्तारमा उल्लेखनीय प्रगति गरेको छ। गम्भीर रोगी ४ जनालाई मासिक रु ५ हजार उपचार खर्च सहयोग, ३ वटा प्रजनन शिविर मार्फत २०८ महिलालाई सेवा, ९९५ जनाको आँखाको जाँचमा ९० जनाको अप्रेशन, ३६४ जनाको कान शिविरमा ६० अप्रेशन र ६२ लाई श्रवण यन्त्र आवश्यक डाटा संकलन गरिएको छ। स्वास्थ्यकर्मी तालिम, प्रयोगशाला स्थापना, X-ray मेसिन खरिद, HPV खोप ७२० किशोरीलाई र पाँच महिलाको पाठेघर शल्यक्रिया सम्पन्न गरिएको छ । साथै, पूर्ण खोप सुनिश्चितता तथा दीगो स्वास्थ्य घोषणा पनि गरिएको छ ।

संविधानले विस्तृत रुपमा राजनैतिक, समाजिक साँस्कृतिक लगाएतका अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । स्थानिय सरकारले नीति निर्माण तथा कार्यान्वयन गर्दा नागरिकका ति अधिकार र आपार सम्भावनालाई सम्बर्द्धन र थप प्रबर्द्धन गर्नु पर्दछ । यसकारण नेपालको संबिधानले व्यवस्था गरेका नागरीक स्वतन्त्रता र सम्मान, असल शासन र जवाफदेहिता, सहज र प्रभावकारी सेवा प्रवाह, नीतिगत कानूनी तथा संस्थागत क्षमाता विकास, श्रोतको उचित व्यवस्थापन, समन्वय, सहकार्य र साझेदारी, समाजिक तथा सांस्कृतिक रुपान्त्रण, सुचना प्रविधिको प्रयोग, नागरीक सम्बन्ध र जनसहभागीतालाई आत्मसाथ गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको लागि सुनिश्चित गरेका स्वाथ्य, शिक्षा, कृषि उद्यम र रोजगारी स्थानीय पूर्वाधार सेवा प्रवाह लागायत क्षेत्रमा यस गाउँपालिकाको आगामी आ.व. २०८२/२०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

आगामी आर्थिक वर्षको अन्त्यमा बडीकेदार गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गर्ने दिशामा तिव्रतर गतिमा अगाडी बढेको हुने छ।

## १ आर्थिक विकास

### १.१ कृषि

१. खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली र रैथाने बालीको उत्पादन र व्यवसायीकरणमा वृद्धि गरी आर्थिक विकासमा योगदान दिइनेछ।

२. किसान सूचिकरण गरी परिचय पत्र वितरण र अनुदानमा पहुँच विस्तार गरिनेछ। व्यवसायिक कृषकहरुलाई उत्पादनको आधारमा अनुदान दिने नीति लिइने तथा बजारीकण प्रवर्धनका लागि कानुनी तथा अन्य प्रबन्ध गर्न पहल गरिनेछ ।

३. नगदे बालीको उत्पादन बढाउन थप पकेटक्षेत्र स्थापना गरिनेछ र फलामे पोलिहाउस मार्फत तरकारी खेती प्रोत्साहित गरिनेछ ।

४. कृषक समूह, सहकारी र कृषि फर्महरूको तथ्याङ्क संकलन, दर्ता गरी अभिलेख प्रणाली व्यवस्थित गरिनेछ।

५. कृषकहरूको दक्षता वृद्धि गर्न तालिम र गोष्ठी सञ्चालन गरिनेछ, रोग तथा किराको नियन्त्रणमा शिविर र निःशुल्क विषादी वितरण गरिनेछ ।

६. सरोकारवाला निकायसँग सहकार्य गरी कार्यक्रम प्रभावकारी बनाइनेछ र उत्कृष्ट कृषकलाई पुरस्कृत गरिनेछ ।

बडीकेदार गाउँपालिका

### १.२ पशुपंक्षी तर्फ

१. प्रत्येक वडामा रहेको सामुदायिक पशु सेवा केन्द्रमा निशुल्क प्रयाप्त औषधिको व्यवस्था गरिनेछ।
२. भेडा बाख्रा, गाई भैसीँका महामारिजन्य रोगहरू बिरुद्ध खोप सेवा सञ्चालन गरिनेछ।
३. कृत्रिम गर्भाधान सेवा सञ्चालन गरी नश्ल सुधार कार्यक्रमलाई जोड दिइनेछ।
४. पशुपन्छी क्षेत्रको विवरण संकलन गरी प्रोफाइल तयार गरिनेछ र आवश्यक अवस्थामा आकस्मिक विपत व्यवस्थापन तथा राहत कार्यक्रमको पहल गरिनेछ।

### १.३ उद्योग/बाणिज्य/आपूर्ति

१. उद्योग तथा व्यापार प्रवर्द्धनका लागि निजिक्षेत्रसंग समन्वय गरी आवश्यक कानुनी तथा अन्य व्यवस्थापन गरिने छ।
२. बजार अनुगमनलाई नियमित तथा शसक्त बनाई गुणस्तरहीन एव म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोकी कालोबजारी नियन्त्रण गरिने छ।
३. वन तथा वनस्पतिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गरी आय आर्जनमा बढाबा दिन प्रोत्साहन गरिने छ।
४. एक वडा एक व्यवसायिक आरनको नीतिलाई निरन्तरता दिदै सेवामूलक उद्योग स्थापनामा जोड दिईनेछ।

### १.४ पर्यटन विकास तथा संस्कृति संरक्षण

१. बडीकेदार गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको सांस्कृतिक जगेर्ना गर्दै भौतिक पूर्वाधारहरुको विकास एंव दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। साथै पर्यटन उद्योगबाट रोजगारीको सृजना गर्दै लगिनेछ।
२. पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सक्ने मेला, महोत्सव, ऱ्याली तथा अन्य प्रचार प्रसारका कार्यक्रमहरुको आयोजना गरिनेछ।
३. गाउँपालिको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ।
४. प्रसिद्ध धार्मिक स्थल वडीकेदारको प्रचार प्रसार एवं पर्यटनहरुको सुविधाका लागि आवस्यक व्यवस्था मिलाईने छ।
५. पालिका भित्र रहेका धार्मिक, ऐतिहासिक, पुरातत्वयीक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ।

### १.५ उद्यम विकास तर्फ

१. अल्लो उद्योग व्यवसायलाई प्रबर्धन गर्न निरन्तरता दिइनेछ भने पालिकामा घरेलु तथा लघु उद्यमहरूको फिल्ड अनुगमन गरी पुनः सञ्चालनमा ल्याइनेछ।
२. गरिबी निवारण र उद्यम विकासका लागि सिपमुलक तालिमहरू सञ्चालन गरी सहभागिहरूलाई एड्भान्स तालिम दिइनेछ, साथै उद्यमशिलता विकास तालिम अनिवार्य गरिनेछ।
३. आफ्नै स्थानमा उद्यम गर्न चाहनेहरूलाई विशेष अनुदान र प्रोत्साहन दिई एक घर एक उद्यमी तथा एक वडा एउटा व्यवसाय सञ्चालन गरिनेछ।
४. स्थानीय कच्चापदार्थको प्रयोग गरी लक्षित वर्गका लागि सिपमुलक तालिम दिइनेछ र स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै बजारीकरण तथा रोजगार सिर्जना गरिनेछ।
५. गैरसरकारी संस्था र सरोकारवालासँग सहकार्य गरी उद्यम विकास र रोजगार सिर्जनाका लागि योजनाहरू बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**१.६ सहकारी**

१. सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइनेछ ।

२. यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई पालिकाको मातहतमा ल्याई नियमित अनुगमन, निरिक्षण गरि नियमन गरिनेछ ।

३ पालिका भित्र रहेका सहकारीहरुलाई सूचीकृत गरि त्रैमासिक रुपमा प्रतिवेदन वुझाउन अनिवार्य गरिने छ र उत्कृष्ट सहकारी संग साझेदारी कार्यक्रम संचालन गरिने छ ।

**१.७ प्रधामन्त्री रोजगार कार्यक्रम**

१. बेरोजगार व्यक्तिहरूलाई सिप र योग्यता अनुसार वर्गीकरण गरी दक्ष र अदक्ष श्रमिकको लागत संकलन, सूचना व्यवस्थापन गरी आन्तरिक रोजगारी र तालिमका अवसर सृजना गरिनेछ ।

२. बेरोजगारहरूको सूची तयार गरी उनीहरूलाई श्रमिकको रूपमा पहिचान गरी आवश्यक कार्यक्रम र व्यवस्था लागू गरिनेछ ।

३. रोजगार सेवा केन्द्रलाई वडा तथा गाउँपालिकासँग समन्वय गरी विकास निर्माण कार्यमा लागत साझेदारी गरी प्रभावकारी बनाइनेछ ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र शोषण रहित बनाउन सहयोग, परामर्श र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. स्थानीय र राष्ट्रिय रोजगार अवसरहरूको सूचना गाउँपालिकाको वेबसाइट र फेसबुकमार्फत उपलब्ध गराइनेछ ।

६. विभिन्न निकायसँग समन्वय गरी बेरोजगारलाई न्यूनतम रोजगारी प्रदान गरिनेछ र लैंगिक, जातीय, भौगोलिक भेदभाव हटाउँदै श्रमको सम्मान र रोजगार संवाद मञ्चलाई सशक्त बनाइनेछ ।

७. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई उद्यमशिलतामा प्रवर्द्धन गरी सामाजिक आर्थिक पुनः एकीकरण गरिनेछ, यसका लागि श्रम आप्रवासन नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

**१.८ राजस्व सम्बन्धी नीति**

१. आम करदाता र कर प्रशासनबीच इमानदारी, पारदर्शिता र सदाचारिता कायम गर्दै करदाता साक्षरता अभियान सञ्चालन गरिनेछ; सबै कर तथा गैर कर राजस्व अनलाइन प्रणालीमार्फत संकलन गरी प्रणाली सुदृढ बनाइने छ ।

२. म्याद गुज्रिएका खाद्य सामग्री, अत्यधिक विषादी, र अवैध व्यवसाय नियन्त्रण गर्न व्यवसाय दर्ता र नविकरणलाई कानुनी दायरामा ल्याई प्रभावकारी अनुगमन गरिनेछ।

३. सामुदायिक वनको तथ्याङ्क संकलन गरी स्थानीय सरकार सञ्चालन ऐनअनुसार राजस्व दायरा विस्तार गरिनेछ; राजस्व संकलनको आधारमा वडा कार्यालयलाई बजेट विनियोजन गरिने नीति लागू गर्न आधारहरु तय गरिनेछ।

४. बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

५. आन्तरिक राजस्व अभिवृद्धिका लागि नयाँ कर सम्भाव्य क्षेत्रहरूको पहिचान गरिनेछ ।

धर्मदेवी गाउँपालिका

## २. सामाजिक क्षेत्र

### २.१ शिक्षा

१. नि:शुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता गर्दै बालमैत्री विद्यालय वातावरण निर्माण गरिनेछ; सामुदायिक विद्यालयमार्फत आधारभूत, माध्यमिक तथा प्राविधिक शिक्षामा पहुँच विस्तार गरिनेछ ।

२. आवासीय विद्यालयहरूलाई अनुदानमार्फत व्यवस्थित गर्दै शैक्षिक गुणस्तर सुधार गरिनेछ; विद्यार्थी संख्या, शिक्षक दरबन्दी र भूगोलअनुसार विद्यालय र बालविकास केन्द्रको समायोजन गरिनेछ ।

३. कक्षा ६–८ मा विषयगत शिक्षक (अंग्रेजी, गणित, विज्ञान तथा विद्यालयको आवस्यकता अनुसार) को दरबन्दी सुनिश्चित गरी शिक्षण अनुदान प्रदान गरिनेछ; विषयगत शिक्षक समूह गठनसहित नमूना शिक्षण र विद्यालय सुपरीवेक्षण प्रभावकारी बनाइनेछ ।

४. विद्यालय उमेरका सबै बालबालिकालाई भर्ना गराई टिकाउदर सुधार गर्न भर्ना अभियान तथा अभिभावक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. उत्कृष्ट विद्यार्थी र विद्यालयलाई परीक्षाफल र सामाजिक लेखा परीक्षाका आधारमा पुरस्कृत गरिनेछ; "बडीकेदार सेरोफेरो" स्थानीय पाठ्यक्रम परिमार्जन गरी लागू गरिनेछ ।

६. प्रतिभा पहिचान, अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रममार्फत बालबालिकाको सर्वाङ्गीन विकासमा जोड दिइनेछ ।

७. शिक्षक, बालविकास सहजकर्ता र विद्यालय सहायकको क्षमता विकास गरिनेछ; सामुदायिक सिकाइ केन्द्रमार्फत जनचेतना, सिपमूलक तालिम, साक्षरता तथा अभिभावक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. टुहुरा, असहाय, अपाङ्गता भएका बालबालिकाका लागि आवासीय विद्यालयमा अध्ययनको व्यवस्था मिलाइनेछ ।

९. लागु पदार्थ, बालविवाह, छुवाछुत, छाउपडी र अन्य सामाजिक विकृतिविरुद्ध युवा क्लब र समुदायमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. समावेशी शिक्षा सञ्जाल गठन गरी बालिका तथा सीमान्तकृत समूहको लागि शिक्षा रणनीति र गुनासो सुनुवाइ संयन्त्र कार्यान्वयनमा ल्याइनेछ।

११. गरिव, विपन्न, दलित, आदिबासी जनजाति लगायत पिछडीएका बर्ग वा समुदायका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका प्रोत्साहनको लागि पहल गरिनेछ।

### २.२ स्वास्थ्य

१. आधारभूत स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउँदै, ९८ प्रकारका औषधी वर्षभर निःशुल्क उपलब्ध गराइनेछ; स्वास्थ्य संस्थाहरूलाई न्यूनतम सेवा मापदण्डअनुसार सञ्चालन गरी गुणस्तर कायम गरिनेछ।

२. गाउँपालिकास्तरको अस्पतालमा नियमित चिकित्सकीय सेवा, भिडियो एक्सरे, ल्याब, ईसीजी, शल्यक्रिया र फार्मेसी सेवा उपलब्ध गराइनेछ; स्वास्थ्य चौकी, बर्थिङ सेन्टरको भौतिक पूर्वाधार सुधार गरिनेछ।

३. ६० वर्षमाथिका वृद्ध, दीर्घरोगी, महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुधारका लागि विशेषज्ञ सेवा, पोषण सुधार कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना, सुनौलो १००० दिन कार्यक्रम सञ्चालन गरिनेछ।

४. पोषण लेखाजोखा, स्क्रिनिङ, उपचार, O.T.C. केन्द्र विस्तार र आगामी तीन वर्षमा पोषणमैत्री पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ।

५. महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि चाडपर्व खर्च, योगदानमा आधारित कार्यक्रम तथा उत्कृष्ट स्वास्थ्यकर्मी/स्वयंसेविका सम्मान गरिनेछ।

६. पाठेघर क्यान्सर जाँच, उपचार, अप्रेशन सहायता लगायत महिला प्रजनन स्वास्थ्य सेवामा जोड दिइनेछ।



बडीकेदार गाउँपालिका

७. WIFI जडानसहित सबै स्वास्थ्य संस्थामा अनलाइन रिपोर्टिङ र सञ्चार व्यवस्थापन गरिनेछ; वार्षिक समीक्षा प्रणालीमार्फत सेवा गुणस्तर सुनिश्चित गरिनेछ।

८. सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

९. आयुर्वेद स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, योग शिविर तथा योग हलमार्फत वैकल्पिक चिकित्सा सेवा र स्वास्थ्य जीवनशैली प्रवर्द्धन गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

१. गाउँपालिकाका सबै वडाका खानेपानी उपभोक्ता समिति र मुहान अनिवार्य दर्ता गरिनेछ।

२. खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि सरकारको N–WASH MIS प्रणालीमा नियमित सूचना अद्यावधिक गरिनेछ।

३. सबै नागरिकलाई सुरक्षित खानेपानी र सरसफाईको पहुँच सुनिश्चित गर्दै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। उपभोक्ता समितिहरूको क्षमता विकास गरिनेछ र वडामा गुणस्तर परीक्षण समेत हुनेछ।

४. मुहान संरक्षण र फोहोर मैला व्यवस्थापनका आवश्यक कदम चालेर गाउँपालिका पूर्ण रूपमा सरसफाई उन्मुख बनाईनेछ।

## २.४ महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता तथा बालबालिका तर्फ

१. HIV/AIDS संक्रमित, पाठेघर खसेका महिला तथा पूर्ण/अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि निशुल्क औषधि उपचारको व्यवस्था गरिनेछ।

२. बालविवाह, घरेलु हिंसा, लागुपदार्थ दुर्व्यसन जस्ता सामाजिक कुप्रथा विरुद्ध महिला लक्षित सचेतनामुलक कार्यक्रम तथा विविध दिवसीय कार्यक्रम सञ्चालन गरिनेछ।

३. लक्षित वर्ग, एकल महिला, आर्थिक रूपमा कमजोर महिला तथा समुदायका लागि मागमा आधारित सीपमूलक र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरूको सेवा सुविधा, कानुनी शिक्षा, जनचेतना, सहयोगी सामग्री वितरण, तथा पहुँच सुनिश्चित गर्न अपाङ्गतामैत्री संरचना निर्माण, अपाङ्गता संहिता कक्ष स्थापना र वित्तीय सहभागिता अभिमुखीकरण कार्यक्रम गरिनेछ।

५. जेष्ठ नागरिक सम्मान, अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिनेछ।

६. समावेशी शिक्षा प्रवर्द्धनका लागि बालिका तथा समावेशी शिक्षा सञ्जालको पालिका स्तरीय समिति गठन गरिनेछ।

७. महिलाहरुको घरायसी कार्यवोझ कम गर्न महिला मैत्री उपकरणहरु वितरण तथा प्रवर्धन गरिने छ साथै पराम्परागत चुलोलाइ सुधारीएको उन्नत चुलोले पुनस्थापित गर्दै धुवाँ तथा प्रदुषणमुतक्त भान्साको विकास गरिने छ ।

८. वडीकेदार गाउँपालिकालाई बालमैत्री स्थानीय तह बनाउन बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले व्यवस्था गरे अनुरुप कार्यक्रमको व्यवस्था गरिने छ।

**२.५ बहुक्षेत्रिय पोषण कार्यक्रम**

१. सुनौला हजार दिनका महिला, बालबालिका र किशोरीमा हुने कुपोषण न्यूनीकरणका लागि बहुक्षेत्रीय पोषण योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ, र उपाध्यक्षसँगको "कोशेली कार्यक्रम" समेत सञ्चालन गरिनेछ ।

२. पोषणमैत्री स्वास्थ्य संस्था र वडा घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ, साथै आगामी तीन वर्षभित्र पोषणमैत्री पालिका घोषणा गर्न पहल गरिनेछ।

३. पूर्ण सरसफाइयुक्त टोल तथा वडा घोषणाका लागि आवश्यक गतिविधि सञ्चालन गरिनेछ।

४. कुपोषणको अवस्था पहिचान र व्यवस्थापनका लागि मासिक पोषण लेखाजोखा गरिनेछ, र आवश्यकता अनुसार स्वास्थ्य संस्थामा ओ.टी.सी. केन्द्रहरू स्थापना गरिनेछ।

५. बालविवाह न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**२.६ भूमि व्यवास्था सम्बन्धमा**

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी, मोही किसान, गुठीका मोही किसान, बृत्ता किसान किसान , महिला किसान तथा साना किसानका भुमिसँग जोडिएका समस्या समाधान गर्न आवस्यक नीतिगत, आर्थिक, कानुनी तथा संगठानिक व्यवस्थापन गरि एवं सम्बन्धित संस्थाहरुसँग सहकार्य समन्वय गरी भुमिहीन र अव्यवस्थित बसोबासीको भुमि अधिकारको सुनिस्चितता, सबै जमिनको बर्गिकरण गरि कृर्षियोग्य भुमिको संरक्षाण एवं उपयोग, समानताको आधारमा भुमिमा महिलाको अधिकार सुनिश्चित, गरिब भूमिहीन र सीमान्तकृत अति विपन्न परिवारलाई परिचय पत्र र रासनको व्यवस्था, द्वैध स्वामित्वको अन्त्य गर्ने प्रवन्ध, मोही समस्या सामाधान, गुठी समास्या सामाधान, निजि, संस्थागत र सराकारी बाँझो खेति योग्य जमिन प्राथमिकताको आधारमा लिजमा दिने प्रबन्ध मिलाउने जस्ता सम्पुर्ण समस्याको सामाधान गर्न प्राथमिकताका साथ कार्य गरिने छ । सो समस्या समाधानको लागि लगत संकलन, प्रमाणिकरण, जग्गा नापी आदि कार्य सम्पन गरी भूमि सम्बन्धि समस्या सामाधान आयोगसँग सहकार्य गरी जग्गाधनीलाई जग्गा धनि प्रमाण पुर्जा उपलब्ध गराउन थालिनेछ । यसका निम्ति आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२. नेपाल सरकारको आगामी आवको बजेटमा स्थानीय तहमा भूमि बैंकको अवधारणा लागु गर्ने सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध गर्ने र आगामी आवमा कम्तिमा १ सय ओटा स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने व्यवस्था गरेकोले यो अवसरलाई सदुपयोग गर्दै भूमि बैंक स्थापना र सञ्चालन गर्न आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गरि सो स्थापनाका लागि नेपाल सरकारसँग आवस्य समन्वय एवं अनुरोध गरिनेछ।

३. कुनै पनि व्यक्तिले कृषि योग्य व्यक्तिगत जग्गा बाँझो राख्न पाइने छैन् ।

४. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी ⁄ पर्ति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको करको दायरामा ल्याईने नीति लिईनेछ ।

**३. भौतिक पूर्वाधार विकास :**

१. कृषकहरुको आय आजर्न वृद्धि गर्नका लागि उपलब्ध श्रोत र साधनको प्रयोग गरि सिचाई सुविधा नपुगेको वस्ती तथा टोलहरुमा साना सिचाई कार्यक्रम अन्तर्गत सिचाई कूलो, नहर, पोखरी जस्ता पूर्वाधार निर्माण कार्यलाई अगाडी वढाईने छ।

२. संघीय सरकार र प्रदेश सरकार, विभिन्न दातृ संघ संस्थाहरुसँग समन्वय गरी लिफ्ट खानेपानी तथा सिंचाइलाई प्राथमिकता दिइने छ।

३. पालिकास्तरका सार्वजनिक क्षेत्रहरुमा बालमैत्री र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गरिनेछ।

४. घर नक्सा पास मापदण्ड बमोजिम संरचनाहरु निर्माणमा जोड दिइने छ र भुकम्प प्रतिरोधि बनाउने नीति अवलम्बन गरिने छ। गाउँपालिका भित्र निर्माण हुने घरहरुको नक्सा पासको दायरामा ल्याइनेछ, साथै वनिसकेका घरहरुको अभिलेखिकरण गर्ने तर्फ आवश्यक पहल गरिने छ।

५. प्राविधिक शाखा अन्तर्गत आवश्यक पर्ने मेशिनरी औजर तथा उपकरण खरिद गरि निर्माण कार्यलाई प्रभावकारी वनाईने छ साथै शाखामा कार्यरत कर्मचारीहरुलाई क्षमता विकासका तालिम कार्यक्रमको आयोजना गरिने छ।

६. सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिईनेछ। सार्वजनिक सडकको दायाँ बायाँ बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ।

७. आवश्यकता अनुसार खानेपानी सडक भवन पुल पर्यटन क्षेत्रको पहिचान गरि आवश्यकता अनुसार डि पि आर र आइ इ इ गरेर मात्र अगाढी बढाउने व्यवस्था गरिनेछ। साथै डि.पि.आर भै सकेका आयोजनाहरुलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लगिनेछ।

८. गाउँपालिका अन्तर्गत विभिन्न योजनाहरुमा विभिन्न कारणले हुन जाने क्षति कम गर्न विपत व्यबस्थापन कोष स्थापना गरिनेछ।

९. गाउँपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा आवश्यकता अनुसार झो.पु. तथा ट्रस पुलको निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१०. अध्यक्षसंग सुरिक्षत आवास (छाना) को कार्यक्रमलाई निरन्तरता दिइने छ।

११.बडीकेदार गाउँपालिकालाई आगामी २ वर्ष भित्र सवै टोल तथा वस्तीहरुमा विद्युत विस्तार गरि उज्योलो गाउँपालिका घोषणा गरिनेछ।

१२.आगामी आर्थिक वर्ष २०८२/०८३ देखि उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति मंसिर समान्त भित्र गठन गर्ने र चैत्र मसान्तभित्र सम्झौता गरि सक्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ।

१३. विकास प्रक्रियालाई दिगो, भरपर्दो वस्तुपरक वनाउन कार्यान्वयनमा रहेको योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन एवं मूल्याङ्कन पद्धतिलाई नतिजामूलक वनाईनेछ।

१४.सडक गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई अगाडी वढाईने छ।

१५.उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको प्रभावकारी रुपमा संचालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम संचालन गरिने छ।

१६. अन्तर वडा तथा अन्तरपालिकालाई सडक संजाल मार्फत जोडिने छ।

१७. वायू तथा सौर्य ऊर्जाको प्रयोग गरी सिँचाइ, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक बत्ती जस्ता क्षेत्रहरुमा सामुदायिक तथा संस्थागत रुपमा सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ।

१८.पालिका भित्र बिग्रेका लघु जलविधुत, सौर्य सडक वत्ति, संस्थागत सोलारहरुको मर्मत सम्भार गरी पुनःप्रयोगमा ल्याइने छन ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

### ४.१ वन

१. सडक छेउछाउमा रुखको बृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिनुका साथै वायो इन्जिनियरिगं वायो विरर्गेट गर्नु पर्ने व्यवस्थालाई अगाडी वढाईने छ ।

२. व्यवसायिक रुपमा काठ, दाउरा, निकासी तथा वनजन्य जडीबुटी वा गैर काष्ठ वन पैदावर विक्री वितरणलाई व्यवस्थित गरिनेछ ।

३. वन फडानी र वन डढेलो निरुसाहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिईनेछ ।

४. सामुदायिक वन व्यवस्थापन र निजी वन दर्ता गर्न प्रोत्साहन गरिनेछ ।

५. वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।

### ४.२ वातावरण

१. प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिदै वातावरण संरक्षणको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाईनेछ ।

२. पानीको श्रोतको दिगोपनाको लागि पुराना कुवा, मुहान तथा पोखरीहरुको मर्मत सम्भार एंव संरक्षणका साथै पुर्नभरण पोखरी बनाउने कार्यलाई पालिका क्षेत्र भरी विस्तार गरिनेछ ।

३. प्रतिच्छेदित तत्वको रुपमा वातावरण संरक्षण र सम्बर्धन रहेकोले सो मैत्री मानवीय कृयाकलापहरु विकास गर्न प्रेरित गरिने छ ।

### ४.३ फोहोर मैला व्यवस्थापन

१.फोहोरमैला व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था, युवा क्लबसँगको सहकार्यमा फोहोरलाई वर्गीकरण गरी फोहोर व्यवस्थापन लगायतका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नकुहिने र पुनःप्रयोग गर्न सकिने फोहरलाई निजी क्षेत्रको सहयोगमा व्यवस्थापन गरिनेछ ।

३. बजार उन्मुख सम्भाव्य क्षेत्रहरुमा नाला तथा ढल निकासको व्यवस्थापन गर्न प्रयत्न गरिनेछ ।

४. वजार क्षेत्र र सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिने छ ।

### ४.४ विपद् व्यवस्थापन

१. विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, वन्यजन्तुको आक्रमण जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्दार तथा राहत उपलब्ध गराउने नीति लिईनेछ ।

२. विभिन्न प्रकोपहरुबाट पिडित भएका व्यक्ति तथा संस्थाहरुलाई राहत/सहयोग गर्न दैवि प्रकोप राहत कोषको स्थापना गरिनेछ ।

३. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि विपत व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## ५. संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन

### ५.१ संस्थागत क्षमता विकास

१. टोल विकास संस्था गठन नभएका टोलहरुमा अनिवार्य रुपमा टोल विकास संस्था गठनको व्यवस्था मिलाईने छ ।

२. आगामी वर्ष देखि गाउँवस्तीबाट योजना छनौट गर्दा अनिवार्य रुपमा टोल विकास संस्था मार्फत योजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईनेछ ।

३. टोल विकास संस्था र आमा समूहहरुको क्षमता विकास गर्दै उद्यमशील कार्यक्रमहरु अबलम्वन गर्न प्रेरित गरिनेछ ।

४. उपभोक्ता समितिहरुका जिम्मेवार पदाधिकारीहरुको क्षमता विकास गर्नका लागि योजना तथा कार्यक्रमहरुको सम्झौता हुनु पूर्व उपभोक्ता समिति सम्बन्धि तालिमको व्यवस्था गरिने छ ।

५. समयमै राम्रो र गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

६. सुशासन प्रवर्द्धनका लागि गाउँपालिकाको कार्यालय र सवै वडाहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिने छ ।

७. गाउँपालिका भित्र रहेका सवै सार्वजनिक तथा सरकारी सम्पत्ति, भवन, सडक, खानेपानी, पसल, व्यवसाय, वनको विवरण संकलन गरि अभिलेखिकरण गरिने छ ।

८. गाउँपालिका अन्तर्गत सवै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि विभिन्न किसिमका तालिम, अभिमुखिकरण कार्यक्रमहरु संचालन गरि क्षमता विकास गरिनेछ ।

९. गाउँपालिकाबाट प्रदान गरिने सवै खाले सेवा प्रवाहलाई जनताको पहुँचसम्म पुगाउनका लागि वेवसाईट, सूचना पाटी तथा अन्य माध्यम मार्फत जानकारी गराईने छ ।

### ५.२ सेवा प्रवाह र सुशासन

१.गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको घर परिवारलाई विभिन्न अनुदान दिने कार्यलाई पूर्ण रुपमा रोक लगाईनेछ ।

२.आर्थिक उपार्जन गर्ने व्यवसायलाई अनुदान दिदाँ पान नं. भएको व्यवसायीलाई मात्र दिइने छ ।

३.गाउँपालिकाको आर्थिक सहयोगमा संचालन हुने खेलकुद कार्यक्रमहरु संचालन गर्दा खेलकुद संचालन गर्नका लागि गठित समूह, संस्था, क्लवलाई मात्र दिने नीति लिईनेछ ।

४.निर्माण सामाग्री खरिद गर्दा खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुऱ्याएर मात्र खरिद सम्बन्धी कार्य गरिने छ तथा खरिद गर्दा सम्बन्धित वडा वा पालिकाको कर्मचारीबाट खरिद गर्ने व्यवस्था गरिने छ ।

५.एक पटक अनुदान वा राहत पाएको व्यक्तिलाई पुनः अनुदान वा राहत दिने व्यवस्थाको अन्त्य गरिने छ ।

६.गाउँपालिकाबाट कृषि तथा पशुपन्क्षी सम्बन्धी अनुदान कार्यक्रम संचालन गर्दा समूह वा सहकारी मार्फत वितरण गर्ने व्यवस्था गरिने छ ।

## ५.३ संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध

संघ र प्रदेशसंग अन्तर सम्बन्घ स्थापित गरि विशेष तथा समपुरक कोषहरुको सदुपयोग गरि विकास कार्यमा हातेमालो गरिने छ ।

**५.४ राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण व्यवास्थापन तर्फ**

१. व्यक्तिगत घटना दर्ता सप्ताहलाई पाँचै वडामा प्रभावकारी बनाईनेछ, साथै घटना दर्ता शिविर सञ्चालन गरिनेछ।

२ भत्ता वितरण कार्यलाई नियमित रूपमा निरन्तरता दिइनेछ, र सामाजिक सुरक्षा सेवा जानकारीका लागि डिजिटल बोर्ड तयार गरिनेछ।

३ वायोमेट्रिक भेरिफिकेसन प्रणालीलाई सशक्त बनाउन आवश्यक सामग्रीहरू उपलब्ध गराई प्रविधिमा आधारित सेवा प्रवाह सुनिश्चित गरिनेछ।

४ सरोकारवाला निकायसँग बैठक तथा छलफल कार्यक्रम सञ्चालन गरिनेछ, र समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

५ गाउँपालिकामा बसाई सराई गरी आउने घरपरिवारलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६ कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

**५.५ गैर सरकारी संस्था तर्फ :**

१. यस गाउँपालिका भित्र रहेका विभिन्न कृषि तथा पशुपालनका सक्रिय कृषकहरुलाई विभिन्न सीपमूलक तालिमहरु संचालन गरिने छ ।

२. कर्मचारी तथा पदाधिकारीहरुलाई नयाँ ठाउँमा भ्रमण लगाई असल अभ्यास आदान प्रदान गर्ने तथा नयाँ विधि, प्रविधिहरुको ज्ञान दिन अवलोकन भ्रमणको आयोजना गरिनेछ ।

३. कर्मचारी एवं पदाधिकारीहरुलाई क्षमता विकास, नीति निर्माण लगायतका कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

४. जलवायु मैत्री कृषि प्रणाली तथा पशुपन्क्षि क्षेत्रको विकासका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ । यस गाउँपालिकामा अन्य संघ संस्थाहरुको लगानीमा समेत कृषि तथा पशुपन्क्षि विकास कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. यस गाउँपालिकालाई कार्य क्षेत्र वनाई विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुसंग साझेदारीमा कार्यक्रम संचालन गरिने छ साथै अनुगमन तथा मूल्याङ्कनको पाटोलाई प्राथमिकतामा राखिने छ ।

**५.६ सूचना प्रविधि तथा सञ्चार**

१ एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू गरी कागजरहित, छरितो, पारदर्शी र मितव्ययी प्रशासन सञ्चालन गर्ने पहल गरिनेछ।

२ सूचना प्रविधिमा नीतिगत स्थायित्वसहित उच्च गतिको भरपर्दो र किफायती इन्टरनेट सेवाको विस्तारका लागि पहल गरिनेछ।

३ विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा इन्टरनेट पहुँच विस्तार गरिनेछ, साथै डिजिटल पहुँचबाट पछि परेका वर्ग, महिला, क्षेत्र र समुदायलाई समावेश गरिनेछ।

४ द्रुत गतिको फाइबर इन्टरनेट जडान र सेवा प्रवाहलाई अनलाइन प्रणालीमार्फत सिफारिस, दर्ता प्रमाणपत्र वितरणलगायत सेवा सञ्चालन गरिनेछ।

५ एकीकृत सम्पत्ति कर, मालपोत करलगायतका करहरू अनलाइन प्रणालीबाट संकलन गर्न थालनी गरिनेछ।

६ उपलब्धिहरूको तथ्याङ्क संकलन, अनुगमन तथा प्रतिवेदन प्रणाली सञ्चालन गरिनेछ।

७ क्यू मेनेजमेण्ट सिस्टम (Queue Management System) जडान गरी LISA, FRA र LED नतिजामा सुधार गरिनेछ।

८ समग्रमा गाउँपालिकालाई थप विद्युतीय सुशासनमैत्री बनाउन आवश्यक संरचना र प्रणालीको विकासमा पहल गरिनेछ ।

९ स्थानीय सँचार माध्यमहरुलाइ आवश्यक निति निर्माण गरि प्रर्वद्धन गरिने छ ।

**५.७ जिन्सी व्यवस्थापन**

१. गाउँपालिका तथा वडा कार्यालयहरु एवं विषयगत कार्यालयहरुबाट खरिद गरिने सामानहरु गाउँपालिकाको स्वीकृति विना खरिद गरिने कार्यलाई निरुत्साहित गरिनेछ ।

२. गाउँपालिका, वडा कार्यालयहरु एवं विषयगत शाखाबाट खरिद हुने कार्यालयमा प्रयोग हुने सामानहरु अनिवार्य रुपमा सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा इन्ट्री गराउने व्यवस्थालाई अनिवार्य गरिने छ ।

**५.८ पेश्की/बेरुजु फछ्र्यौट सम्बन्धी नीति**

१. महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरुजु फर्स्योट कार्यविधिलाई यसै अधिवेशनमा पारित गरी जारी गरिनेछ। आगामी आवमा कायम भएको बेरुजु अधिकतम बेरुजु फर्योट गर्नेगरी बेरुजु फर्स्योट वर्षको रुपमा प्राथमिकता दिइनेछ । यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार गठन/पुनर्गठन गरी कृयाशिल बनाइनेछ।

२. पुरानो फछ्र्यौट हुन बाँकी रहेका पेश्की सम्बन्धित व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्ब पेश्की फछ्र्यौट गराउन आवश्यक पहल गरिनेछ ।

**५.९ लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीति**

१. लेखा प्रणालीलाई व्यवस्थित गरि लेखापालनलाई मितव्ययी, जवाफदेही, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

२. गाउँपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पाटी तथा वेबसाईट मार्फत सार्वजनिक गरिनेछ ।

३. गाउँपालिकाबाट हुने सवै प्रकारका भुक्तानीहरु EFT मार्फत गरिनेछ ।

**५.१० भ्रष्टाचार निवारण कार्ययोजना**

गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन प्रचलित कानुनको अक्षरस:कार्यान्वय गरिने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगमा जोड दिइआवश्यक थप नीतिगत, कानुनी र संरचनागत विकास गरि पारदर्शी, जवाफदेहिता, स्वच्छ र सदाचारयुक्त नसहभागितामुलक सेवा प्रवाह गर्न प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

**५.११ न्यायिक कार्य सम्बन्धी व्यवस्था**

१ मेलमिलापकर्ताहरूलाई सूचिकृत गरी पुनर्ताजगी तालिम प्रदान गरिनेछ, तथा विवाद समाधानका लागि सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

२ मेलमिलापकर्ताहरूलाई विवाद समाधानमा मेलमिलाप केन्द्रमा सक्रिय सहभागिताका लागि यातायात खर्चको व्यवस्था गरिनेछ।

३ मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउन कर्मचारी, जनप्रतिनिधि र विद्यालय प्रमुखहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४ समुदायस्तरमा मेलमिलापसम्बन्धी जनचेतना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५ उत्कृष्ट कार्यसम्पादन गर्ने न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरूको अवलोकन भ्रमण गराइनेछ।

६ न्यायिक समितिसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ।

७ बालमैत्री, पोषणमैत्री, युवामैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री शासनसहित बालश्रम तथा बालविवाह मुक्त स्थानीय तह निर्माणका अभियानहरू स्रोतसहित सञ्चालन गरिनेछ।

**गाउँसभा सदस्य ज्यूहरु**

जनता विकासको व्यग्र प्रतिक्षामा छन् । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटो समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । आगामी आ.व.मा उपरोक्त नीति तथा कार्यक्रमहरु तथा बजेट संचालन गर्न बार्षिक कार्य तालिका निर्माण गरी कडाइ साथ लागु गरिने छ जस्ले असाढमा मात्रै खर्च गर्ने मनोबृत्तिको अन्त गरिने छ । विश्वका विभिन्न युद्ध, कोभिड महामारीको घाउँ जस्ता विबिध कारणले भोगी रहेको आर्थिक मन्दी तथा देशको अस्थीर राजनीतिक परिस्थीतिले आक्रान्त अवस्था छ । यसका वावजुत बडीकेदार गाँउपालिका को नीति तथा कार्यक्रमको आठौं बर्ष प्रबेश गर्दा धेरै अनुभव हासिल भएका छन । यिनै अनुभवहरुका सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत बडीकेदार निर्माण का लागि हामिले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नु पर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भई लोकतन्त्र सुदृढ हुन सक्छ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्गनिर्देशन गर्नु हुने संघ र प्रदेश सरकार लगायत उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कर्मचारी साथीहरु, वुद्धिजीवि, विभिन्न संघ संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरु, पत्रकार मित्रहरु तथा देश विदेशमा रहनु भएका बडीकेदार गाउँपालिकाका दिदी वहिनी तथा दाजुभाईहरु सवैलाई धन्यवाद ज्ञापन गर्दछु । वडीकेदार गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम वडीकेदारवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी यस क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संघ संस्थासबै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभा मार्फत आम बडीकेदार बासीहरुमा हार्दिक अपील गर्दै विदा हुन्छु ।

धन्यवाद,

अध्यक्ष

भैरव बहादुर साउद

बडीकेदार गाउँपालिका, खडेउली, डोटी

बडीकेदार गाउँपालिका